# आशयपत्र माग गर्ने सम्बन्धी सूचना

## रेसुङ्गा नगरपालिकाको कार्यालय, गुल्मी

**दोश्रो पटक प्रकाशित मितिः२०७६।०८।०१**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत यस गुल्मी जिल्लामा सुरक्षित बैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्न तथा रेसुङ्गा नगरपालिका, मुसीकोट नगरपालिका, छत्रकोट गाउँपालिका र ईश्मा गाउँपालिकामा सचेतिकरण कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन परियोजना (Safer Migration Project) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी दोश्रो पटक आशयपत्र आह्वान **(Expression of Interest)** गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन भित्रमा तर अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयमा रेसुङ्गा नगरपालिकाको कार्यालय, तमघास, गुल्मीमा आई पुग्ने गरि निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सूचीकरणको आधार एवं अन्य थप आवश्यक जानकारीहरु रेसुङ्गा नगरपालिकाको वेभसाईट (www.resungamun.gov.np)बाट डाउनलोड गर्न सकिनेछ ।

१। **आशयपत्रदाताको योग्यताः**

(क) अनुभवःकम्तिमा पाँच वर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।

(ख) प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ ।

२। प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय कम्तिमा तीन वर्ष परामर्श सेवा प्रदान गर्नु पर्नेछ ।

३। संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिने छ ,

४। आशयपत्र दाताले आशयपत्र साथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

५। आशयपत्र पेश गर्ने स्थान रेसुङ्गा नगरपालिकाको कार्यालय, तमघास, गुल्मी ।

६। आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारबाहि गरिने छैन ।

७। सुरक्षित आप्रवासन सम्बन्धि परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

८। यो सेवा प्रदान गर्नको लागि कुनै पनि ब्यक्ति वा संस्थासँग उप-सम्झौता (Sub-contract) गर्न पाईने छैन ।

**आवश्यक थप जानकारीकालागि सम्पर्क ठेगाना र सम्पर्क ब्यक्तिः**रेसुङ्गा नगरपालिकाको कार्यालय, तमघास, गुल्मी फो नं. ०७९-५२०१५० सम्पर्क ब्यक्ति शंकर प्रसाद गौतम सम्पर्क नं. ९८५७०६१७४४